# श्री भगवती कालिका फुलवस्ती सामुदायिक वन उपभोक्ता समूह
## गोदावरी न.पा वडा नं. ४, कैलाली

**काठ लिलाम विक्री सम्वन्धि विस्तृत विवरण सहितको सुचना ।।।**

**( सौर्य राष्ट्रिय दैनिकमा पहिलो पटक प्रकाशित मिति २०८१/०१/२५ )**

**उपरोक्त विषयमा यस सामुदायिक वन उपभोक्ता समूहको सामुदायिक वन क्षेत्रवाट आ.व ०८०।०८१ मा संकलन भै** तपसीलको घाटगद्धीमा भएको काठ तपशिल वमोजिमको लट कायम गरी जे जस्तो अवस्थामा छ । सोही अवस्थामा सिलवन्दी वोलपत्रद्धारा लिलाम विक्री गर्नु परेको हुंदा मुल्य अभिवृद्धि करमा दर्ता भएकका काठ व्यवसायी फर्मले सम्वन्धित निकायमा सूचिकृत भएको उद्योगले मात्र निम्न शर्तको अधिनमा रही यो सम्वन्धि सुचना सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले २१ दिन भित्र यस सामूदायिक वन उपभोक्ता समूहको कार्यालयवाट वोलपत्र खरीद गरी २२ औ दिनको १२।० वजे भित्र यस सा.व.उ.स. कार्यालयमा सिलवन्दी वोलपत्र दाखिला गर्नु हुन सम्वन्धित सवैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएका छ ।

तपशिल

| सि.नं. | लट नं. आ.व. ०८०/०८१ | घाटगद्धीस्थान | जात | ग्रेड | थान | परिमाण क्यू.फी | न्यूनतम मुल्य | लागत खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | सा.व.उ.स. कम्पाउण्ड | साल | ए | ६ | ८२।४७ | ८२४७०। | १५६६९।३ | |
| | | | | वि | १६ | १७६।८६ | १२३८०२। | ३३६०३।४ | |
| | | | | सि | ६५ | ३८५।२८ | १९२६४०। | ७३२०३।२ | |
| | | | जम्मा | | ८७ | ६४४।६१ | ३९८९१२। | १२२४७५।९ | |

शर्तहरु

१. यो सम्वन्धि सुचना प्रकाशित मितिले २१ दिन भित्रमा मु.अ.कर दर्ता भएका काठ व्यवसायी सम्वन्धित निकायमा सूचिकृत भएको उद्योग,फर्मले रु १०००। (फिर्ता नहुनेगरि) तिरी यस सा.व.उ.सको कार्यालयबाट वोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. आफूले सकार गरेको अंकको १० प्रतिशतले हूने धरौटी बापतको रकम सा.व.उ.स.को नाममा रहेको ............... ..............................................................................मा जम्मा गरेको सक्कल भौचर वा नगद वा कम्तिमा ६ महिनाको वैंक जमानत तथा मु.अ करमा दर्ता भएको, प्रमाणपत्र, काठ, व्यवसायीको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी समेत वोलपत्रसाथ संलग्न गरी शिलबन्दी वोलपत्र पेश गर्नु पर्नेछ ।

३. वोलपत्र खरिद गर्ने अन्तिम दिन वा वोलपत्र दाखिला गर्ने अन्तिम दिन बिदा परेमा कमशः कार्यालय खोल्ने दिनमा उपरोक्त समयमा नै वोलपत्र बिकी, दर्ता, सोहि खोल्ने कार्य हुनेछ ।

४. वोलपत्र दाताले वोलपत्रमा आफ्नो नाम ठेगाना लेखी दस्तखत गरी फर्म वा संस्थाको छाप समेत लगाई खाममा राखी शिलबन्दी गरी खामको बांया तर्फ आफ्नो नाम ठेगाना लेखी फर्म वा संस्थाको छाप समेत लगाई दार्यातर्फ वोलपत्र पेश हूने कार्यालयको नाम, विषय र लट नं उल्लेख गरी वोलपत्र पेश गर्नू पर्नेछ

५. वोलपत्र पेश गर्दा आफूले सकार गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख हूनू पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

६. सिलवन्दी वोलपत्रहरु सुचना प्रकाशित भएका मितिले २२ औ दिनको १२।० वजे भित्रमा यस सा.व.उ.स.को कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ ।

७. निर्धारित म्याद भित्र रितपूर्वक दर्ता हुन आएका वोलपत्र सुचना प्रकाशित भएका मितिले २२ औ दिनको ३।० वजे वोलपत्रदाता वा निजको प्रतिनिधि नभएमा पनि) नियमानुसार खोलिने छ ।

८. पर्न आएका वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस समूहको कार्य समितिमा निहित रहने छ । म्याद नाधि आएको वा शर्त राखेको र रीत नपूगेको बोलपत्र उपर कूनै कारबाही हुने छैन ।

९. वोलपत्र स्वीकृत भएको सुचना वोलपत्र खोलिएको मितिले वढीमा ७ दिन भित्र यस सा.व.उ.स को कार्यालयको सुचना पार्टिमा टांस गरिने छ ।

१०. वोलपत्र दाताले काठ, दाउरा हेर्न चाहेमा उपभोक्ता समूहको घाटगद्धीमा हेर्न सकिने छ ।

११. सकारकर्ताले सकार गरेको सकार रकमको अतिरिक्त नियमानूसार लाग्ने मु.अ.कर, संकलन खर्च समेत थप दाखिला गर्नू पर्नेछ ।

१२. अन्य जानकारीका लागी कार्यालय समयमा यस सा.व.उ.स.को कार्यालयमा तथा डिभिजन वन कार्यालय, कैलालीमा सम्पर्क राख्न सकिने छ ।

ईति सम्बत् २०८१ साल वैशाख महिना २५ गते रोज ३ शूभम्